**आकाशवाणी खरसाङ, प्रादेशिक समाचारः नेपाली**

मितिः १६ अक्तूबर २०२४

समयः १८ः५० - १६ः०० बजे

**प्रमुख समाचार**

१. प्रधानमन्त्री नरेन्द्र मोदीले भोलि आफ्नो निर्वाचन क्षेत्र वाराणसीको भ्रमण गर्नुहुनेछ। उहाँले आफ्नो संसदीय निर्वाचन क्षेत्रमा लगभग ६ हजार ६ सय करोड रुपियाँ लागतको परियोजनाहरूको उद्घाटन र शिलान्यास गर्नुहुनेछ।

२. राष्ट्रिय ई–गभर्नेन्स डिभिजनले आफ्नो विशेष लाइभ शृङ्खला आस्क अवर एक्सपर्ट्स-को पहिलो एपिसोड सफलतापूर्वक शुभारम्भ गरेको छ।

३. प्रधानमन्त्री नरेन्द्र मोदीले भोलि बागडोगरा एयरपोर्टको नयाँ टर्मिनलको आधारशिला राख्नुहुनेछ। यसै सिलसिलामा आज दार्जीलिङका सांसद राजू बिष्टले कार्यक्रम स्थलको निरीक्षण गर्नुभयो।

४. नेपाल धरानको विमल गुरुङ कृति पुरस्कारका लागि चयन गरिएको दश श्रेष्ठ कृतिहरूको नाम सार्वजनिक गरेको छ।

५. अन्तराष्ट्रिय अरबन डाउनहिल साइकल रेसिङमा दार्जिलिङका रोहन थापाले देशलाई प्रतिनिधित्त्व गर्ने भएको छ।

**प्रधानमन्त्री वाराणसी भ्रमण**

प्रधानमन्त्री नरेन्द्र मोदीले भोलि आफ्नो निर्वाचन क्षेत्र वाराणसीको भ्रमण गर्नुहुनेछ। उहाँले आफ्नो संसदीय निर्वाचन क्षेत्रमा लगभग ६ हजार ६ सय करोड रुपियाँ लागतको परियोजनाहरूको उद्घाटन र शिलान्यास गर्नुहुनेछ। प्रधानमन्त्रीको भ्रमणका लागि बहुआयामिक सुरक्षा व्यवस्था मिलाइएको छ र यस क्रममा उहाँले सार्वजनिक सभालाई पनि सम्बोधन गर्नुहुनेछ। वाराणसीका पुलिस युक्त मोहित अग्रवालले प्रधानमन्त्रीको हरेक रुटमा ड्रोन निगरानी गरिने बताउनु भएको छ।

****** ० ******

**राष्ट्रपति -अफ्रिका भ्रमण**

अल्जेरिया, मौरिटानिया र मलावीको तीन राष्ट्रको भ्रमण सम्पन्न गरी मलावी भ्रमणमा रहनुभएका राष्ट्रपति द्रौपदी मुर्मू नयाँ दिल्लीतर्फ प्रस्थान गर्नुभएको छ। आकाशवाणीका संवाददाता अनुसार, राष्ट्रपति द्रौपदी मुर्मूको तीन अफ्रिकी राष्ट्रको भ्रमणले अल्जेरिया, मौरिटानिया र मलावीसँग भारतको ऐतिहासिक सम्बन्धमा नयाँ अध्याय थपेको छ। यो भ्रमण भारतका राष्ट्रपतिको तीन अफ्रिकी राष्ट्रहरूको पहिलो भ्रमण थियो र अफ्रिकी संघलाई भारतको राष्ट्रपतित्वकालमा जी २० को स्थायी सदस्य बनाइएको एक वर्ष पछि भएको थियो।

****** ० ******

**राष्ट्रीय ई-गवनेंस डिवीजन**

राष्ट्रिय ई–गभर्नेन्स डिभिजनले आफ्नो विशेष लाइभ शृङ्खला आस्क अवर एक्सपर्ट्स-को पहिलो एपिसोड सफलतापूर्वक शुभारम्भ गरेको छ। यसले मानिसहरूलाई सरकारी अधिकारीहरू र विषय विशेषज्ञहरूसँग प्रत्यक्ष अन्तरक्रिया गर्न र डिजिटल भारत पहलहरूमा उनीहरूको प्रश्नहरू समाधान गर्न एउटा मंच प्रदान गर्नेछ। इलेक्ट्रोनिक्स र सूचना प्रविधि मन्त्रालयले डिजिटल इन्डियाको युट्युब च्यानलमा प्रसारित यो लाइभ साप्ताहिक कार्यक्रम एक अद्वितीय पहल हो जसले सरकारलाई नागरिकहरूसँग कनेक्ट हुने अवसर प्रदान गर्ने बताएको छ। पहिलो एपिसोड, हिजो प्रसारित, डिजी लकरमा केन्द्रित थियो।

****** ० ******

**राष्ट्रीय महिला आयोग अध्यक्ष**

विजया राहतकरलाई राष्ट्रीय महिला आयोग की अध्यक्ष नियुक्त गरिएको छ। महिला तथा बाल विकास मन्त्रालयले यस सम्बन्धमा सूचना जारी गरेको छ। उहाँले महाराष्ट्र महिला आयोगको अध्यक्ष र औरंगाबादको मेयरको रूपमा काम गरिसकेकी छिन्। विजया राहतकरले भाजपाको राष्ट्रिय सचिव र पार्टीको महिला विभागको अध्यक्षको रूपमा पनि काम गरिसकेकी छिन्। मन्त्रालयले राष्ट्रिय महिला आयोगको सदस्यमा डा. अर्चना मजुमदारलाई नियुक्त गरेको छ।

****** ० ******

**खादी - विशेष प्रदर्शनी**

राजधानी दिल्लीको दिल्ली हाट आई.एन.ए-मा खादीको विशेष प्रदर्शनी भइरहेको छ। भोकल फर लोकल र आत्मनिर्भर भारत अभियानलाई प्रबर्धन गर्न र खादी कारीगरहरूको आय वृद्धि गर्न राष्ट्रव्यापी खादी महोत्सवको एक भागको रूपमा प्रदर्शनी आयोजना गर्न लागिएको हो। प्रदर्शनीको उद्धाटन सूक्ष्म, साना तथा मझौला उद्योग मन्त्री जीतनराम माझीले गर्नुभयो। उद्धाटन कार्यक्रमलाई सम्बोधन गर्नुहुदै केन्द्रीय मंत्री श्री मांझीले नागरिकहरूलाई थप खादी र स्थानीय उत्पादनहरू खरिद गर्न अपील गर्नुभयो।

****** ० ******

**शिक्षामन्त्री धर्मेन्द्र प्रधान**

केन्द्रीय शिक्षामन्त्री धर्मेन्द्र प्रधान भोलि सिङ्गापुर र अष्ट्रेलियाको सात दिवशीय भ्रमणमा जानुहुनेछ। यो भ्रमणले शिक्षामा पारस्परिक हितका महत्वपूर्ण क्षेत्रमा सहयोग, सहभागितालाई बढावा दिने अपेक्षा गरिएको छ।

****** ० ******

**कोलकाता -डाक्टर भोक हड्ताल**

महिला डाक्टरसित भएको बलात्कार एवं हत्याको विरोधमा आरजी कर मेडिकल कलेज एवं अस्पतालमा जुनियर डाक्टरहरू गरेका भोक हड़तालले शनिवार 15 औं दिनमा प्रवेश गरेको छ। हड़तालको समर्थनमा आज विराट र्‍याली आयोजना गर्नेछ जुन र्‍याली पीड़ितको घर पनिहाटी, उत्तर 24 परगनादेखि शुरू भएर एस्प्लानेडसम्म पुग्नेछ जहाँ डाक्टरहरूले आफ्नो भोक हड़ताललाई जारी राखेका छन्। गत शुक्रवार राती डब्ल्यू.बी.जे.डी.एफ.ले राज्य सरकारलाई चेताउनी दिएको छ, यदि आगामी 21 अक्टोबरसम्म पनि उनीहरूको मागलाई पूरा गरिएन भने उनीहरूले पूर्ण रूपमा कार्य बहिष्कार आन्दोलन शुरू गर्नेछन्।

****** ० ******

**बागडोगरा एयरपोर्ट- आधारशिला**

प्रधानमन्त्री नरेन्द्र मोदीले भोलि बागडोगरा एयरपोर्टको नयाँ टर्मिनलको आधारशिला राख्नुहुनेछ। श्री मोदी भर्चुअली कार्यक्रममा सामेल हुनेछन्। यो कार्यक्रम सिलगढ़ी संलग्न कावाखाली मैदानमा आयोजना हुनेछ। यसै सिलसिलामा आज दार्जीलिङका सांसद राजू बिष्टले कार्यक्रम स्थलको निरीक्षण गर्नुभयो। आज बिहान कावाखाली मैदानमा आइपुगेपछि सांसद श्री बिष्टले कार्यक्रम स्थलको ध्यानपूर्वक जायजा लिनुभयो। यस अवधि उहाँले भन्नुभयो, शहरवासीहरूको सपना पूरा हुन गइरहेको छ। प्रधानमन्त्री श्री मोदीले भोलि बागडोगरा एयरपोर्टको नयाँ टर्मिनलको भर्चुअली आधारशिला राख्नुहुनेछ। नयाँ एयरपोर्टको जीर्णोद्धारको लागी लगभग एक हजार ५ सय ४० करोड़ रुपियाँ खर्च हुनेछ। नयाँ अन्तरराष्ट्रिय हवाईअड्डा 70 हजार 4 सय वर्ग मीटरको हुनेछ। यस हवाईअड्डामा सबै आधुनिक सेवाहरू उपलब्ध हुनेछ।

****** ० ******

**दार्जीलिंग – कोलकाता बैठक**

दार्जीलिंग पहाडको चिया श्रमिकहरुलाई ४ प्रतिशत बोनस वितरण गरिन पर्ने बिषयलाई लिएर आगामी 6 नोभेम्बरमा कोलकातामा हुने बैठकलाई केन्द्र गरी पार्वत्य श्रमिक सङ्गठन समन्वय मञ्चले पहाडव्यापी रूपमा श्रमिकहरूको हस्ताक्षर अभियान शुरु गरेको छ। 16 प्रतिशत चिया बोनसको एडभाइजरी विरुद्ध आगमी 6 नोभम्बरमा राज्यको श्रम मन्त्री स्तरमा हुने उक्त बैठकमा मञ्चले ५० हजार चिया श्रमिकहरुको हस्ताक्षरलाई साङ्केतिक जनादेशको रुपमा पेश गर्ने भएको छ। हस्ताक्षर अभियान मिरिक, खरसाङ अनि बिजनबारी क्षेत्रका चियाबरीबाट शुरु गरिएको हप्ताभरि गरेर पहाडको अन्य क्षेत्रसम्म पुग्ने अनि मञ्चमा सामेल ८ वटा श्रमिक सङ्गठन बाहिर रहेकाहरु पनि यो लडाइँमा एकमुष्ठ हुन पर्ने पूर्व सांसद एंव सीपीआईएमको श्रमिक संगठन चियाबारी मजदुर युनियनको सचिव समन पाठकले अपील गरेका छन्।

****** ० ******

**मिरिक – बाहुन्न ढोका -पर्यटन**

मिरिक महकुमा अन्तर्गत थर्बू चियाबगानको निम्न प्रान्तमा सन् १८ ९६ सालमा निर्मित बाहुन्न ढोकाको संरक्षण एव प्रबर्धन गर्न सकिए यस क्षेत्रलाई पर्यटन केन्द्रको बिकसित गर्न सकिने प्रबल सम्भावना देखिएको छ। एतिहासिक सम्पदाको रुपमा रहिआएको यो भवनको अवस्था बर्तमान समयमा शोचनीय बनेको छ। दार्जीलिंग सेलेमेंडर टुरिजम वेलफेयर सोसाईटीका कोषाध्यक्ष कल्याण राईले यस बिरासतीय भवनको अवस्था बुझ्न सोसाइटीका सदस्यहरुले स्थलगत निरीक्षण गरेको जानकारी दिनुहुदै यस भवनलाई जस्ताको तस्तै राखेर हेर्न लायक को बनाउन सकिए दार्जीलिंग पहाडको पर्यटन उधोगमा नया अध्याय थपिन सक्ने धारणा

व्यक्त गर्नुभएको छ। उहाँले यस भवनको संरक्षण एवं सम्बर्धनको लागी बिगत को समय देखिनै गोर्खाल्याण्ड क्षेत्रीय प्रशासनलाई पत्राचार गर्दै आएको जानकारी दिनुहुदै सम्बन्धित बिभाग तथा मिरिक पंचायत समितिले बिरासतीय स्थानको दर्जा दिए क्षेत्रमा पर्यटन बिकास सँगै रोजगारका अवसर सृजना हुने बताउनु भएको छ।

****** ० ******

**कृति पुरस्कार- दार्जीलिंग -सिक्किम**

नेपालको धरान बुद्धचोक स्थित कवि विमल गुरुङ स्मृति पुस्तकालयले विमल गुरुङ कृति पुरस्कारका लागि चयन गरेको दश श्रेष्ठ कृतिहरूको नाम सार्वजनिक गरेको छ। जसमा दार्जीलिङकी कवि मञ्जुला तामाङ सुब्बाको कविता संग्रह कुहिरो भित्र घुम जोरबङलो अनि सिक्किमका साहित्यकार प्रवीण खालिङको निबन्ध संग्रह चिया गफ पनि परेको छ। पुरस्कारको निम्ति नेपाल,भारत लगायत विदेशवाट नेपाली भाषामा प्रकाशित १०१ पुस्तक प्राप्त भएको जसमध्ये शिर्ष दस पुस्तकहरू चयन गरिएको पुस्तकालयले जनाएको छ।

****** ० ******

**मदारीहाट उप चुनाउ - राजू विष्ट**

मदारीहाट विधानसभा उप चुनाउका लागि भारतीय जनता पार्टीले आजदेखि प्रचार प्रसार सुरु गरेको छ। यस अवसरमा दार्जिलिङका लोकसभा सांसद राजु बिष्टले बीरपाडामा भाजपाको चुनाउ कार्यालयको उद्धाटन गर्नु भयो। जसमा अलिपुरद्वार सांसद मनोज तिग्गा सहित भाजपा नेता अनि कार्यकर्ताहरू उपस्थित थिए। चुनाउ कार्यलय उद्धाटन गरेपछि दार्जिलिङका सांसद राजु बिष्टले आर.जी.कर मेडिकल कलेज लगायत अन्य धेरै मुद्धाहरूको साथमा भाजपा चुनावी मैदानमा उत्रने बताउनु भयो।

****** ० ******

**अरबन डाउनहिल साइकल**

अन्तराष्ट्रिय अरबन डाउनहिल साइकल रेसिङमा दार्जिलिङका रोहन थापाले देशलाई प्रतिनिधित्त्व गर्ने भएका छन्। आगामी 25 र 26 अक्टोबरका दिन मिजोरमको राजधानी आइजोलमा हुने यस रेसिङ प्रतियोगितामा विश्वभरिका विभिन्न देशबाट 25 जना साइकलिस्ट चयन भएका छन्।

****** ० ******

************